धनगढीमाई नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा

२ नं. प्रदेश, नेपाल

## हाट बजार ठेक्का वन्दोवस्त सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०४/१०

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, तथा सरकारी आय बन्दोवती ऐन २०२० बमोजिम यस नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका हप्तामा दुई दिन लाग्ने देहाय वमोजिमका हाटबजारहरुको चालु आ.व. २०७८/७९का लागि नियमित हाट बजार सेवा शुल्क (राजश्व) उठाउने प्रयोजनको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक नेपाली व्यक्ति, संस्था फर्म वा कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को website www.bolpatra.gov.np.egp मा विधुतीय (e-bidding) माध्यमबाट तथा शिलवन्दी दरभाउ पत्र यस कार्यलयमा पेश गर्न सम्वन्धित सबैका जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

### शर्तनामा

१. प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ औं दिन भित्र यस कार्यालयको एन.सी.सी.बैंक, धनगढीमा रहेको आन्तरिक राजश्व खाता नं. १४२०००००४०८०१ मा रु. १०००/-(रु. एक हजार, पछि फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर वा नगदै बुझाई दरभाउ पत्र फारम यस कार्यालयको राजश्व उप-शाखाबाट खरिद गर्न सकिनेछ । दरभाउपत्र पेश गर्दा फर्म दर्ता प्रमाण पत्र, फर्म नविकरण प्रमाणपत्र तथा स्थायी लेखा नम्बर (PAN) र भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.ब. २०७७।०७८ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा कर चुक्ताको म्याद थप पत्र निवेदन साथ पेश गर्नुपर्नेछ ।

२. रितपूर्वक भरिएको दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिन दिनको १२.०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । दर्ता भएको दरभाउपत्र सोही दिनको २.०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र साथ तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको एन.सी.सी.बैक, धनगढीमा रहेको धरौटी खाता नं. धरौटी १४२०००००४१९०१ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बरावरको नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु (बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक)बाट घटिमा पचहत्तर दिनको मान्य अवधि भएको सक्कल बिडबण्ड (Bid Security) पेश गर्नु पर्नेछ ।

४. दरभाउ स्विकृत हुने दरभाउपत्र दाताले सम्झौता गर्न आउदा कवोल अंकको पाँच प्रतिशत कार्यसम्पादन जमानत (PBG) साथ पहिलो किस्ता को रकम नगद र दोस्रो र तेस्रो किस्ता को रकम बराबरको मान्यता प्राप्त बैंक बाट जारी गरेको १३ महिनाको मान्य अवधि रहेको बैंक ग्यारेन्टि पत्र लिई आउनु पर्ने छ । साथै दरभाउ पत्र दाताले पहिलो किस्ता वापात को ३० प्रतिशत रकम सम्झौता पूर्व नै , दोस्रो किस्ताको ४० प्रतिशत रकमा फाल्गुण महिनाको २५ गते भित्र र तेस्रे किस्ताको ३० प्रतिशत रकम आसार महिनाको २० गते भित्र नगदी वा बैंक मार्फत यस कार्यालयको राजस्व खाता मा जम्मा गरेको बैंक भौचर पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, दरभाउपत्र दाताको नाम, ठेगाना आदि स्पष्ट रुपमा खुलाउनु पर्नेछ ?

६. दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमश: कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।

७. एक फर्मको नामबाट खरिद भएको दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाईने छैन ।

८. रित नपुगी शर्त राखी वा म्याद नाघी आएको दरभाउपत्र माथि कार्यवाही हुने छैन ।

९. दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. सेवा शूल्क असुल गर्दा करदातालाई दिईने रसिद नगर कार्यपालिकाको कार्यालयले तोकिदिएको ढांचामा ठेकेदारको तर्फवाट छपाई सि.नं.००१ देखि संख्या (Numbering) शुरु गरी नगर कार्यपालिकाको कार्यालयमा ल्याई नगर कार्यपालिकाको कार्यालयको छाप लगाई प्रमाणित भए पछि मात्र प्रयोग गर्न पाईनेछ। विना छापको रसिद प्रयोग गरेको फेला परेमा नगर कार्यपालिकाको कार्यालयद्वारा कानूनी कार्वाही हुनेछ । साथै नगर कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराइने हाट वजार सेवाको दररेटहरुको वोर्ड वनाई ठेकेदारले नै राख्नु पर्नेछ ।

११. नगरपालिकालाई बुझाउनेपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन । दरभाउ पत्र साथ दरभाउपत्र दाताले आफु र आफनो फर्म कालो सूचीमा नपरेको स्वाघोषणा पत्र पेश गर्नु पर्ने छ ।कुनै कारणवश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृतभए पनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ ।

१२. सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको website मा राखेर र सूचना पार्टीमा टास गरी जानकारी गराइनेछ साथै सूचना सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१३. यस ठेक्का वापत नेपाल सरकारलाई वुझाउनु पर्ने सम्पूर्ण करदस्तुर फि, महशुल आदि ठेकेदारले नै वुझाउनु पर्नेछ।

१४. ठेकेदारले शूल्क उठाउन नियुक्त गरेको कर्मचारीको नाम, थर, ठेगाना खुलेको नामावली नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । त्यसरी नियुक्त कर्मचारीले तोकिएको शुल्क भन्दा वढी रकम उठाएमा वा नगरपालिकाको अहित हुने कार्य गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ ।

१५. नगरपालिकाले निर्धारण गरेको दररेट भन्दा फरक मूल्य निर्धारण गरी संकलन गर्न पाउने छैन ।

१६. तपसिल बमोजिमको न्यूनतम अंक भन्दा माथि कबोल गर्नु पर्नेछ । । शिलबन्दी दरभाउ पत्रमा दरभाउपत्रदाताले रीतपूर्वक सहीछाप गरेको हुनु पर्नेछ ।

१७. सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य कुराहरुको हकमा सरकारी आय बन्दोवस्ती ऐन २०२० तथ अन्य प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१८. अन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ । साथै यस कार्यालयको website मा पनि हेर्न सकिन्छ ।

**तपसिल**

| क्र.सं | ठेक्का नं. | कामको विवरण | न्यूनतम दर | धरौटी रकम |
|---|---|---|---|---|
| १ | आय ठेक्का .२०७८।०७९-०१ | धनगढी बजार<br>जिरोमाईल<br>छपराडी बजार | १९,५०,०००।- चालु आ.व.को सम्झौता पश्चातको बाँकी अवधीको लागि | ४८,७५०।- |

धनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

धनगढीमाई नगरपालिका

धनगढी , सिरहा

## धनगढीमाई नगरपालिकाको धनगढी बजार , छपराडी बजार र जिरोमाईल बजार को दरभाउ पत्र

## रकम कबुल भर्ने फारम

ठेक्का नं. ०१ DH.mun - २०७८/०७९

आ.व. २०७८/०७९

| सि.न. | न्यूनतम रकम रु. | दरभाउपत्र दाताले कावोल गरेको रकम | | कैफियत |
|---|---|---|---|---|
| | | रु. अंकमा | रु. अक्षरमा | |
| १. | रकम रु. १९५०००० ।- | | | |
| जम्मा | | | | |

दरभाउपत्र दाताको दस्तखत :-

नाम :-

पद :-

फर्मको नाम :-

फर्मको छाप :-

धनगढीमाई नगरपालिका

धनगढी , सिरहा

## कालो सूचिमा परेको छैन भनि दरभाउपत्र दाताको स्व-घोषणा पत्र

| सि.न | व्यहोरा |
|---|---|
| १. | यस दरभाउपत्र पेश गर्दाको मिति सम्म म/ मेरो फर्म कालो सूचिमा नपरेको व्यहरा स्व-घोषणा गर्दछु । यसमा फरक परेमा प्रचलित कानून बमोजिम सजाय भोग्न तयार छु । |

दरभाउपत्र दाताको दस्तखत :-

नाम :-

पद :-

मिति :-

फर्मको नाम :-

फर्मको छाप :-